## मिति २०७९।१०।१६ गतेको कार्यपालिकाको ११४ औं बैठकका निर्णयहरु विषयहरु:

निर्णय नं. १ : लमही-कोइलाबास हुलाक सडक अन्तरगत लमही क्षेत्र भित्र मापदण्ड अनुसार सडक छेउछाउका घर तथा पूर्वाधार संरचना भत्काउने कार्यलाई यथासिघ्र प्रक्रिया अगाडी वडाउने।

निर्णय नं. २ : यस प्रस्ताव माथि आगामी बैठकमा छलफल गर्ने।

निर्णय नं. ३ : चालु आ.व २०७९।८० को नेपाल शहरी शासकीय तथा पूर्वाधार योजाना अन्तरगत श्रममुलक सार्वजनिक निर्माण आयोजना सम्वन्धमा लमही नगरपालिका ५ नं. वडा कार्यालयको सिफारिस अनुसार तपशिल वमोजिमको आयोजनाहरु संशोधन गर्ने ।

तपशिलः

| क्र.स | साविकको योजना | बजेट रु | नयाँ शंसोधित योजना |
|---|---|---|---|
| १ | कोलही देखि लड्डी जोड्ने बाटो | २० लाख | जौविक विविधता पार्कमा पुष्प बगैंचा निर्माण तथा मर्मत |
| २ | आनन्दनगर टोलमा नाली तथा बाटो विस्तार | २० लाख | जौविक विवधता पार्कमा ढुङ्गे बगैचा निर्माण |
| ३ | वसन्त नगर देखि गौतरिया नाला तथा बाटो स्तरोन्नती | २० लाख | जौविक विवधता पार्कमा पिकनिक स्थल जाने बाटो स्तरोन्नती तथा पार्क निर्माण |
| ४ | गोरक्ष टोल नाला तथा बाटो स्तरोन्नती | २० लाख | ब्रह्मकुमारी विश्व विद्यालय पार्क स्तरोन्नती |

निर्णय नं. ४ (क) : आर्थिक वर्ष २०७९।८० को लमही नगरपालिकाको आन्तरिक आय व्यवस्थापन गर्ने तपशिल वमोजिमका खोला तथा घाटहरुमा आ.ई.ई प्रतिवेदनको आधारमा देहाय वमोजिमको परिमाणमा उत्खनन् गर्ने गरी नदिजन्य पदार्थको उत्खनन् ठेक्का गर्ने सम्वन्धमा।

तपशिलः

| क्र.सं. | ठेक्का विवरण | घाट/घाट | लम्बाई (मि) | औ .चौ (मि) | औ .ग (मि) | जम्मा परिमाण (घ मि) |
|---|---|---|---|---|---|---|
| १. | लमही-६, राप्ती कस्यापुर घाट | कस्यापुर घाट | ४२० | ४० | ०.७५ | १२,६०० |
| २. | लमही-७, राप्ती नदी हसनापुर घाट | हसनापुर घाट | २७० | ४५ | ०.८ | ९,७२० |
| ३. | लमही-७, राप्ती नदी वनधुस्री घाट | वनधुस्री घाट | ५५० | ३० | ०.८ | १३,२०० |
| ४. | लमही-८, राप्ती नदी गिर्धिनिया घाट | गिर्धिनिया घाट | ३४० | ५० | ०.८ | १३,६०० |
| ५. | लमही-८, राप्ती नदी असानी घाट | असानी घाट | ३७० | ३५ | ०.८ | १०,३६० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६. | लमही-८, राप्ती नदी खोलीगाउँ बाघखोली बाट | खोलीगाउँ बाघखोली घाट | ३७० | ३० | ०.८ | ८,८८० |
| ७. | लमही-९, राप्ती नदी पैतं घाट | पैतं घाट | ४७० | ३० | ०.६ | ८,४६० |
| ८. | लमही-९, राप्ती नदी रिहार डेरा घाट | रिहार डेरा घाट | ४३० | ३० | ०.६ | ७,७४० |
| ९. | लमही-९, राप्ती नदी खयरभट्टी घाट | खयरभट्टी घाट | ४३० | ३५ | ०.८ | १२,०४० |
| १०. | लमही-९, राप्ती नदी डुम्रेघाट घाट | डुम्रेघाट घाट | ५५० | २५ | ०.८ | ११,००० |
| ११. | लमही-४, राप्ती नदी बुटकहवा घाट | बुटकहवा घाट | ४२० | ४५ | ०.८ | १५,१२० |
| १२. | लमही-५, राप्ती नदी कोलही बलरामपुर सिमानाघाट | कोलही बलरामपुर सिमानाघाट | ३२० | ६० | ०.६ | ११,५२० |
| १३. | लमही-४, राप्ती नदी सेमरहवा घाट | सेमरहवा घाट | २७५ | ५० | ०.८ | ११,००० |

निर्णय नं. ४ (ख) : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ घ (६) मा भएको व्यवस्था बमोजिम लमही नगरपालिकाबाट लिन पाउने आन्तरिक आय तर्फको ढुंगा, गिट्टी, वालुवा, माटो, काठ दाउरा जराजुरी आदि प्राकृतिक बस्तुको बिक्री तथा निकासी शुल्क, दस्तुर संकलन आ.व. २०७९।८० का लागि E-Bidding मार्फत २०७९।०३।१९ गते ठेक्का बन्दोबस्त गरीएकोमा मिति २०७९।०४।१७ गते ३१ औं दिन सम्म कुनै बोलपत्र प्राप्त नभएकोले दोस्रो पटक २०७९।०४।१८ गते ठेक्का बन्दोबस्त गरीएकोमा मिति २०७९।०५।०२ गते १६ औं दिन सम्म कुनै बोलपत्र प्राप्त नभएकोले सार्वजनिक खरिद ऐन, २०६४ को दफा १४ उपदफा ४ ख अनुसार तेस्रो पटक पुनः २०७९।०५।०५ गते सुचना प्रकाशित गरिएकोमा आठौं दिन २०७९।०५।१३ गते कुनै पनि बोलपत्र प्राप्त नभएकोले ढुंगा, गिट्टी, वालुवा, माटो, काठ दाउरा जराजुरी आदि प्राकृतिक बस्तुको बिक्री तथा निकासी शुल्क, दस्तुर संकलनको लागि रु १,००,००,०००।- (अक्षरुपी एक करोड) मु.अ.कर बाहेक रकम मध्ये कर संकलन गर्न बाँकी ४ महिनाको लागि रु ३३,३३,३३३।- (अक्षरुपी तेत्तिस लाख तेत्तिस हजार तीन सय तीन सय तेत्तिस) आन्तरिक आय तर्फको ठेक्का गर्ने।

निर्णय नं. ४ (ग) : लमही नगरपालिकाको आगामी आ.व २०८०।८१ को राजस्व आम्दानी र नदिजन्य पदार्थ उत्खनन् कार्यलाई थप बैज्ञानिक र वातावरण मत्री बनाउनको लागि तपशिल बमोजिम खोला/ घाटहरुको आ.ई.ई गर्ने।



CamScanner

तपशिल:

| क्र.सं. | विवरण |
| --- | --- |
| १. | लमही-६, राप्ती कस्यापुर घाट |
| २. | लमही-७, राप्ती नदी हसनापुर घाट |
| ३. | लमही-७, राप्ती नदी बनघुस्री घाट |
| ४. | लमही-८, राप्ती नदी गिधिनिया घाट |
| ५. | लमही-८, राप्ती नदी असानी घाट |
| ६. | लमही-८, राप्ती नदी खोलीगाउँ बाघखोली घाट |
| ७. | लमही-९, राप्ती नदी पैते घाट |
| ८. | लमही-९, राप्ती नदी रिहार डेरा घाट |
| ९. | लमही-९, राप्ती नदी खयरभट्टी घाट |
| १०. | लमही-९, राप्ती नदी डुम्रेघाट घाट |
| ११. | लमही-४, राप्ती नदी बुटकहवा घाट |
| १२. | लमही-४, राप्ती नदी सेमरहवा घाट |
| १३. | लमही-७, राप्ती नदी बनगैं घाट |

निर्णय नं. ५ : यस प्रस्ताव माथि आगामी बैठकमा छलफल गरी निर्णय गर्ने।

निर्णय नं. ६ : लमही नगरपालिकाको अन्तरगत कृषि शाखाको लागी चालु आ.व २०७९।८० को स्विकृत वार्षिक बजेटबाट लमही नगर कार्यपालिकाको मिति २०७९।०७।१७ गते बसेको बैठकको निर्णयानुसार खरिद गरी राखेको बिउ बिजन यथाशिघ्र बितरण र सो बिउ बिजन खरिद गर्दा भएको गरेको खर्च सम्वन्धित फर्मलाई भुक्तानी दिने।

निर्णय नं. ७ : वातावरण तथा विपद् व्यवस्थापन समितिको मिति २०७९ साल माघ १५ गते बसेको बैठकको तपशिल बमोजिमका निर्णयहरु अनुमोदन गर्ने।

तपशिल:

लमही नगरपालिका वातावरण तथा विपद् व्यवस्थापन समितिको निर्णयहरू:

मिति २०७९।१०।१६ गतेको कार्यपालिकाको बैठकको निर्णयहरू:

CamScanner

निर्णय नं. १: मिति २०७९ असोज १८ गते देखी परेको अविरल वर्षाका कारण भएको क्षतीको विवरण सहित राहतका लागि लमही नगरपालिकाका विभिन्न वडाहरूको सिफारिस पत्र र प्रहरी मुचुल्काको साथमा निवेदन पेश भएकोले तपसिल अनुसारको रकम राहत स्वरूप हस्तान्तरण गर्ने ।

क) पचाँस हजार(५०,०००।-) रूपैया सम्म क्षती भएको बाढि पिडितहरूलाई रू. पाँच हजार (५,०००।-) हस्तान्तरण गर्ने ।

ख) पचास हजार एक रूपैया (५०,००१।-) देखी एक लाख(१,००,०००।-) रूपैया सम्म क्षती भएको बाढि पिडितहरूलाई रू. दश हजार(१०,०००।-) हस्तान्तरण गर्ने ।

ग) एक लाख एक रूपैया (१,००,००१।-) देखी दुई लाख(२,००,०००) रूपैया सम्म क्षती भएको बाढि पिडितहरूलाई रू. पन्ध्र हजार(१५,०००।-) हस्तान्तरण गर्ने ।

ग) दुई लाख एक (२,००,००१) रूपैया देखी माथी क्षती भएको बाढि पिडितहरूलाई रू. बिस हजार (२०,०००।-) हस्तान्तरण गर्ने ।

घ) केही निवेदकहरूको हकमा प्रहरी मुचुल्कामा नाम मात्र उल्लेख भएको तर निजको परिचय खुल्ने कुनै पनि कागजात समावेश नभएकोले परिचय खुल्ने कागजात प्राप्त भए पश्चात रकम हस्तान्तरणको प्रक्रिया अगाडी बढाउने ।

ङ) रकम उल्लेख नभई पेश हुन आएका निवेदनहरूको हकमा सम्बन्धित वडा कार्यालय सँगको समन्वय मार्फत क्षतीको रकम एकिन गरि राहत रकम उपलब्ध गराउन थप प्रकिया अगाडी बढाउने।

निर्णय नं. २: लमही नगरपालिका वडा नं.७ निवासी श्री रविलाल चौधरीको दुई कोठे कच्ची घर, अन्नबाली, लत्ताकपडा र काठ समेत जली लगभग तिन लाख बराबर क्षती भएको भनी प्रहरी मुचुल्का सहित ७ नं. वडा कार्यालयको सिफारिस पत्र मार्फत राहत माग भई आएकोले निजलाई राहत स्वरूप रू. २०,०००।-(बिस हजार) रकम उपलब्ध गराउने ।

निर्णय नं. ४: रू. पाँच लाख भन्दा माथी माग दावी भएका सवै निवेदनहरूलाई थप राहत रकमका लागि जिल्ला प्रशासन कार्यालय, दाङमा सिफारिस गरी पठाउने ।

निर्णय नं. ५: मिति २०७९ असोज १८ गते देखी परेको अविरल वर्षाका कारण यस लमही नगरपालिकाका सम्पूर्ण वडाहरूका लगभग ९० प्रतिशत घरधुरीहरू डुवानमा परेकोले सुरक्षीत



CamScanner

स्थानमा राखीएका नगरवासीहरूलाई तत्काल खानाको व्यवस्थापन गर्न र घरमा रहेको खाद्यान्न बगाएको तथा घर भत्केर गासबासको समस्या परेका घरपरिवारलाई वडा कार्यालयबाट व्यवस्थापन भएकोले तपसिलको मापदण्डका आधारमा रकम भुक्तानी गर्ने ।

तपसिल

क. खाद्यान्नको मापदण्ड

| बिवरण | मुल्य रू. | एकाई | कैफियत |
|---|---|---|---|
| चामल | ६०। – | प्रति किलो | २५ किलोको एक बोरा |
| मसुरो दाल | १६०। – | प्रति किलो | |
| तेल | ३००। – | प्रति लिटर | |
| नुन | २०। – | प्रति किलो | |

ख. खाद्यान्न वितरणको मापदण्ड

| ख.१. | बिवरण | बितरण हुने एकाई |
|---|---|---|
| ९ जना सम्म परिवार संख्या भएको घर | चामल | २५ किलो |
| | मसुरो दाल | २ किलो |
| | तेल | १ लिटर |
| | नुन | १ किलो |
| ख.२. | बिवरण | बितरण हुने एकाई |
| १० जना भन्दा माथीको परिवार संख्या भएको घर | चामल | ५० किलो |
| | मसुरो दाल | ४ किलो |
| | तेल | २ लिटर |
| | नुन | २ किलो |

निर्णय नं. ८ : नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रम सिंहदरबार काठमान्डौको मिति २०७९।०३।२५ गते प्रथम पटक गोरखपत्रमा रोजगार सहायक करारमा पदपुर्ति गर्ने सम्बन्धी सुचना प्रकाशन भएको, स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड को दफा (५) को उपदफा (१) मा भएको व्यवस्था बमजिम लमही नगर कार्यपालिकाले मिति २०७९।०३।२८ गते सुचना प्रकाशन गरेको सो सुचना वमोजिम प्राप्त आवेदक मध्येबाट पदपूर्ति समितिको निर्णयानुसार मिति २०७९।०५।२१ गते प्रकाशित प्रारम्भिक योग्यताक्रम सुची तथा मिति २०७९।०६।११ गते प्रकाशित सुचनानुसार अन्तिम नतिजा प्रकाशन गरेको र सो सुचना अनुसार वि.न. १-२०७९।८० रोजगार सहयक पद (स्थानीय सेवाको सहायक पाँचौ तह सरह)मा छनौट हुनु भएका रोजगार सहायक पदमा सिफारिस

भएका उम्मेदवार श्री दिनेश चौधरी, लमही ५ ले करार सेवामा कामकाज गर्न इच्छुक छु भनी निवेदन पेश गरेको हुदाँ निजलाई नियुक्ती दिई करार सम्झैता गरी कामकाजमा लगाउने।

निर्णय नं. ९ : लमही नगरपालिका अन्तरगत लमही अस्पतालमा कार्यरत नेपाल स्वास्थ्य सेवा, हेल्थ इन्स्पेक्सन समुह, जनस्वास्थ्य निरिक्षक छैठौं तह कर्मचारी संकेत नं. २२४६८८ का श्री तारा वहादुर थापा मगरले चिकित्सा शिक्षा आयोग, सानोठिमी, भक्तपुरको उच्च शिक्षा स्नातक तह BPH (Bachelor in Public Health) कोर्षको अध्ययन गर्न लागि आवश्यक प्रवेश परीक्षामा सहभागी हुन पुर्व स्वीकृत लागि सिफारिस गरिदिनु हुन भनी पेश गरेको निवेदनको सम्वन्धमा निजलाई BPH (Bachelor in Public Health) कोर्षको लागि छनौट भएमा वैकल्पिक व्यवस्था तहाँबाटै गरिदिने गरी चिकित्सा शिक्षा आयोग, सानोठिमी, भक्तपुरले BPH (Bachelor in Public Health) कोर्ष अध्ययनको लागि लिने प्रवेश परीक्षामा सहभागी हुनको लागि नियमानुसार पूर्व स्वीकृति प्रदान गरीदिनु हुन भनी सिफारिस गर्ने।

निर्णय नं. १० : नेपाली काँग्रेस जिल्लका कार्यसमिति दाङ खुम बहादुर खड्का स्मृति खेलकुद समिति मित पं.स २०७९।८०, च.नं. १३, मिति २०७९।०९।०३ गतेको पत्रानुसार खुम बहादुर खड्का स्मृति पुरुष भलिवल प्रतियोगिता २०७९ माघ २० गते देखि घोराही, दाङ हुने खुलकुदमा यस लमही नगरपालिकाको तर्फबाट लमही नगरपालिका वडा नं. ५ निवासी श्री भरत कवरको नेतृत्वमा भलिवल टिम सहभागी पठाउने र उक्त खेलकुदमा सहभागी हुने खेलाडीहरुलाई आवश्यक खेल पोशाक, खेलकुद सामग्रीको लागि आर्थिक सहयोग स्वरुप रु ७३,३००।- त्रिहत्तर हजार तीन सय मात्र उपलब्ध गराउने र सो रकम टिम व्यवस्थापक श्री भरत कवरको नाममा पेश्की भुक्तानी दिने।

निर्णय नं. ११ : लमही नगरपालिका अन्तरगत लमही अस्पतालमा कार्यरत कार्यालय सहयोगी श्री मनमोहन चौधरीले अनिवार्य अवकाश लिएको र कार्यालय सहयोगी पद रिक्त रहेकोको अवस्थामा कार्यालय सहयोगीले गर्ने दैनिक कामकाज गर्न जनशक्ती अभाव भएकोले लमही नगरपालिका वडा नं. ६ बस्ने श्री सुन्तोली चौधरीसंग मिति २०७९।११।०१ गते देखि २०८० असार मसान्त सम्मको लागि नगरगर दररेट, २०७९ बमोजिम अदक्ष श्रमिक सरहको सेवा सुविधा पाउने गरी दैनिक ज्यालादारीमा सम्झैता गरी कामकाज लगाउने।

निर्णय नं. १२ : लमही नगरपालिका वडा ६ बस्ने केशव कुमार डाँगीले लमही नगरपालिका अन्तरगत सामी कार्यक्रमको रिटर्नी स्वयंसेवकको पदमा कार्यक्रमबाट उपलब्ध सेवा सुविधा पाउने गरी नियुक्ती दिई लमही नगरपालिका वडा नं ४, ५ र ६ मा कामकाज गर्न खटाउने।

निर्णय नं. १३ : विपक्षी लमही नगर कार्यपालिकाको कार्यालय, लमही, दाङ समेत भएको परमादेश/ उत्प्रेषण मुद्दामा (मुद्दा नं. 078-WO-0071) सम्मानित श्री उच्च अदालत तुलसीपुरबाट जारी भएको

१५ दिने म्याद २०७९।०१।२६ गते तामेल भई पाएकाले लमही नगरपालिका, नगर कार्यपालिकाको कार्यालय लमही दाङ र लमही नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत श्री गेहेन्द्र बहादुर डाँगीको तर्फबाट सम्मानित श्री उच्च अदालत तुलसीपुरमा लिखित जवाफ पेश गर्न, तारेख लिन उपस्थित हुन, कानुन व्यवसायी नियुक्ति गर्न र मुद्दा पुर्पक्ष समेतको लागि यस लमही नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, लमही दाङमा कार्यरत अधिकृत छैठौं श्री लालमणी सुवेदीलाई प्रतिनिधि नियुक्त गरी पठाईएको हाल उक्त मुद्दाको प्रतिनिधि श्री लालमणी सुवेदी स्वेच्छिक अवकास लिई सेवा निवृत्त हुन भएकोले लमही नगरपालिका, नगर कार्यपालिकाको कार्यालय लमही, दाङ र लमही नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत श्री गेहेन्द्र बहादुर डाँगीको तर्फबाट सम्मानित श्री उच्च अदालत तुलसीपुरमा तारेख ,लिन उपस्थित हुन, कानुन व्यवसायी नियुक्ति गर्न, मुद्दाको वारिस तोक्न र मुद्दा पुर्पक्ष समेतको लागि प्रतिनिधि बदली गरी निजको सट्टामा लमही नगर कार्यपालिकामा कार्यरत कम्प्युटर अपरेटर पाँचौं तह श्री रमेश चन्दलाई प्रतिनिधि तोक्ने ।

निर्णय नं. १४: यस लमही नगरपालिकाको चालु आर्थिक वर्ष २०७८।७९ मा सञ्चालित आयोजना तथा कार्यक्रमहरुको कार्यसम्पन्न भईसक्दा पनि नेपाल सरकारको लेखा प्रणाली सञ्चालन तथा व्यावस्थापन गर्ने सफ्टोवयर सुत्र (SUTRA) मा देखा परेको सम्मस्याका कारण २०७९।०३।२५ गते राती १२ बजें सम्म यस कार्यालयबाट भुक्तानी दिन नसकिएको र चेक काटेर पनि चेकको म्याद सकिएका तपशिलमा उल्लेखित आयोजना तथा कार्यक्रम सम्पन्न गर्ने फर्म व्यक्तिलाई आगमी आ व २०७९/८० को स्विकृत वजेटको भुक्तानी बाँकी शिर्षकबाट बाँकी रकम भुक्तानी दिने।

तपशिलः

| क्र.सं. | भुक्तानी दिन बाँकी व्यक्ती, संस्था तथा फर्म | कामको विवरण | रकम रु. | कैफि. |
|---|---|---|---|---|
| १ | श्री गंगा कुमारी चौधरी | वर्षे फलफुलको बिरुवा ढुवानी र राष्ट्रिय धान दिवसमा को खर्च | ५६,०००।- | भुक्तानी नभएको |
| २ | श्री लक्ष्मी सुवेदी | दैनिक भ्रमण भत्ता | १०,०००।- | चेकको अवधि सकिएको |
| ३ | श्री नेपाल मगर संघ | आर्थिक सहयोग | २०,०००।- | चेकको अवधि सकिएको |
| ४ | श्री गोरक्ष राष्ट्रिय दैनिक | सुचना प्रकाशन गरे बाफत | १०,०००।- | भुक्तानी नभएको |
| | | जम्मा | ९६,०००।- | |

मिति २०७९।१०।१६ गतेको कार्यपालिकाको बैठकको निर्णयहरुः

निर्णय नं. १५(क) : लमही नगरपालिकाको चालु आ.व २०७९।८० मा तर्जुमा गरिएका योजनाहरु कार्यान्वयनका लागि ठेक्का प्रक्रिया मार्फत लगाइएका योजनाहरु विनियोजित बजेट रकम भन्दा प्रतिस्पर्धाको आधारमा कम रकममा स्विकृत हुन गई बचत हुन आएको रकम बाट तपशिलका निर्माण कार्य सार्वजनिक खरिद ऐन २०६३ को अधिनमा रही अनुसुची-१ बमोजिमका योजनाहरु गर्ने गराउने।

निर्णय नं. १५(ख) : लमही नगरपालिकाको गत आ.व २०७८।७९ को आयोजनाहरुको ठेक्काहरुको म्याद सकीएको हुदाँ सार्वजनिक खरिद नियमावली २०६४ मा भएको व्यवस्था बमोजिम तपशिलका आयोजनाहरुको २०८० असार मसान्त सम्मको लागि म्याद थप गर्ने।

तपशिल:

| क्र.स. | क्रमागत योजनाको नाम | वडा न. | कैफियत |
|---|---|---|---|
| 1 | Construction of Blacktop work at Gorakhsye Tol to Dur Sanchar Road | 5 | |
| 2 | Audhogikgram Tarbar Nirman | 7 | |
| 3 | Construction of Blacktop work of Satbariya Ghau-Kalipuruwa Road | 8 | |
| 4 | Construction of Blacktop work at Kamanpur Purba Tol (Second Phase) | 7 | |
| 5 | Construction of Birthing Centre Building Ward 1 (PhaseII) | 1 | |
| 6 | Construction of ward 3 office building (phase2) | 3 | |
| 7 | Construction of ward 9 Office Building | 9 | |
| 8 | Construction of ward 7 Office Building | 7 | |
| 9 | Construction of Pasu Sewa Kendra Bhawan | 5 | |
| 10 | Gausala Nirman at Ward 7 | 7 | |
| 11 | Faecal Sludge Treatment Plant | 9 | |
| 12 | Construction of Blacktop work at Jakera Tal Road (Ward no. 3), Lamahi Municipality Office to Arnawa Chowk Road (Ward 4 & Ward 5) and Milantol Bhitri Road Blacktop (Ward no. 5) | 5 | |
| 13 | Lamahi View Tower Construction (Final Phase) | 5 | |
| 14 | Landscaping infront of Municipal Building | 5 | |

मिति २०७९।१०।१६ गतेको कार्यपालिकाको बैठकको निर्णयहरु:

CamScanner

अनुसूची १

Tender

| S.N. | Project Name | Contract No. | Ward | Remaining Budget Amount | FY 2079/080<br>ew Project Name from Remaining Amount |
|---|---|---|---|---|---|
| 1 | Construction of Black top work at Kaudiya Highway to Khanepani Tank | 01-LAMAHI-NCB-2079/080 | 1 | 1874756.09 | i) Construction of RCC Drain works at Khanepani way Road = 1800000 |
| 2 | Construction of Black top work at Srighau Milan Chowk to Kaliram Home | 02-LAMAHI-NCB-2079/080 | 2 | 2154281.45 | i) Construction of Blacktop works at Srighau Road = 1000000 ii) Construction of Roadworks at Milan Chowk to Kaliram Road = 1000000 |
| 3 | Construction of Black top work at Tharu Kalyankari Bhawan to Bal Janta Ma Vi Road | 03-LAMAHI-NCB-2079/080 | 3 | 1228748.24 | Below mentioned |
| 4 | Construction of Black top work at Arnawa Chowk to Baeldada Road | 04-LAMAHI-NCB-2079/080 | 4 | 1363547.69 | Below mentioned |
| 5 | Construction of Black top work at Sunkholi Sadak | 05-LAMAHI-NCB-2079/080 | 5 | 672636.23 | Below mentioned |
| 6 | Construction of Black top work at ward office Road | 06-LAMAHI-NCB-2079/080 | 6 | 798334.92 | Below mentioned |
| 7 | Construction of Black top work at Hasnapur Road | 07-LAMAHI-NCB-2079/080 | 7 | 1063430.69 | Below mentioned |
| 8 | Construction of Black top work at Gojhena Dhanpuruwa & Rihar Taruliya Road | 08-LAMAHI-NCB-2079/080 | 8&9 | 3169893.40 | Gojhena Road = 1000000 ii) Construction of Roadworks at Dhanpuruwa Road =1000000 |
| 9 | Construction Black Top Work at Rihar Road | 09-LAMAHI-NCB-2079/080 | 9 | 11186806.52 | i) Construction of Blacktop works at Rihar Road (Phase II) = 11000000 |
| 10 | Construction of Black top work at Keruniya Galli to Purba Maruwa Road, Ward no. 2 | 10-LAMAHI-NCB-2079/080 | 2 | 1274794.84 | i) Construction of Roadworks at Keruniya Galli Road = 1000000 |
| 11 | Construction of Black top work at Nari Highway Chotelal to Khelmaidan Road, Ward no. 1 | 11-LAMAHI-NCB-2079/080 | 1 | 2569364.74 | i) Construction of RCC Drain and Roadworks at Khelmaidan Road = 2500000 |
| 12 | Construction of Black top work at Sano Nadi to Anand Chaudhary Home, Ward no. 2 | 12-LAMAHI-NCB-2079/080 | 2 | 1244746.96 | i) Construction of Blacktop works at Sano Nadi Road = 1000000 |
| 13 | Construction of Upgrading works at Sundabari to Sitalapur Road, Ward no. 1 | 13-LAMAHI-NCB-2079/080 | 1 | 4266044.59 | i) Construction of Sitalapur Road (Phase II) = 2500000 ii) Construction of Gabionworks at Sitalapur Road = 1000000 |
| 14 | Road Upgrading works at Bhatarkundi Paite Lauri Rihar Sadak, Ward no. 9 | 14-LAMAHI-NCB-2079/080 | 9 | 3927344.45 | i) Construction of Bhatarkundi Road = 2500000 ii) Construction of Paite Lauri Road= 1000000 |
| 15 | Construction of Roadworks at Bhauka to Uchanimbu Road, Ward no. 8 | 15-LAMAHI-NCB-2079/080 | 8 | 3675187.99 | i) Construction of Bhauka and Uchanimbu Road = 2500000 ii) Construction of RCC Roadworks at Gojena Road = 1000000 |
| 16 | Construction of roadworks at Baltara Majhghau to Bhaiskorma Road, Ward no 3 | 16-LAMAHI-NCB-2079/080 | 3 | 468568.43 | Below mentioned |
| 17 | Construction of Black top work at Kantipur Road, Ward no 3 | 17-LAMAHI-NCB-2079/080 | 3 | 755800.96 | Total of 03-LAMAHI-NCB-2079/080, 16-LAMAHI-NCB-2079/080 & 17-LAMAHI-NCB-2079/080 = 2400000 i) Construction of Road works at Bhaiskorma Road = 2400000 |

| | | | | | |
|---|---|---|---|---|---|
| 18 | Construction of Black top work at Chailahi to Baeldada Road, Ward no 4 | 18-LAMAHI-NCB-2079/080 | 4 | 1332940.95 | Total of 04-LAMAHI-NCB-2079/080 & 18- LAMAHI-NCB-2079/080 = 2500000 i) Construction of RCC Drain at Chailahi Road = 2500000 |
| 19 | Construction of Black top work at Adarsha Tol, Sworgadwari Tol and Anandanagar Tol, Ward no 5 | 19-LAMAHI-NCB-2079/080 | 5 | 2389364.03 | Total of 05-LAMAHI-NCB-2079/080 & 19- LAMAHI-NCB-2079/080 = 3000000 i) Construction of Roadworks at Adarsha Tol = 1000000 ii) Construction of Blacktop works at Sworgadwari Tol = 1000000 iii) Construction of Interlocking Block laying works at Press Road = 1050000 |
| 20 | Construction of Blacktop work at Badka maharawa to chutki maharawa, Ward no 6 | 20-LAMAHI-NCB-2079/080 | 6 | 1885991.54 | Total of 06-LAMAHI-NCB-2079/080 & 20- LAMAHI-NCB-2079/080 = 2500000 i) Construction of Ward 6 Office Building = 2500000 |
| 21 | Lamahi View Tower Construction | | 5 | 700000.00 | i) Construction of RCC Drain at Adarsha Tol |
| 22 | Construction of Black top work at Uchanimbu road, Ward no 7 | 21-LAMAHI-NCB-2079/080 | 7 | 1546909.35 | Below mentioned |
| 23 | Upgrading and construction of Damodar road works at ward no 7 | 22-LAMAHI-NCB-2079/080 | 7 | 1050227.18 | i) वडा कार्यालय पर्खाल निर्माण २००००००<br>ii) बनघुसी नव ज्योति यूवा क्लब ३०००००<br>iii) बिजुली विस्तुर बन्नै ८०००००<br>iv) खानेपानी पाईप विस्तार बन्नै १००००००<br>v) थैरान खोला नियन्त्रण ५०००००<br>vi) मन्दिर निर्माण हसनापुर ५०००००<br>vii) गुरुदेव भवन स्तरउन्नती ४०००००<br>viii) ७ न वडा कार्यालय किचेन निर्माण तथा डेकोरेशन ५००००० |
| | | | | | |

मिति २०७९।०९।२५ गतेको कार्यपालिकाको ११२ औं बैठकका निर्णयहरु विषयहरु:

निर्णय नं. १ : यस लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय मिति २०७९।०८।११ गते देखि विविध कारणले यस नगरपालिकाको सेवा प्रवाह प्रभावित भएकोमा कर्मचारीहरु तथा जनप्रतिनिधीहरु विच भएको उच्च तथा सौहार्द पूर्ण समझदारीबाट आज मिति २०७९।०९।२५ गते देखि नगरपालिकाको सेवा प्रवाह नियमित सहज तथा निर्बाध रुपमा सञ्चालनमा आएको साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७९।०६।०२ को निर्णय अनुसार सरुवा भई आउनु भएका प्रमुख प्रशासकीय अधिकृत गेहेन्द्र बहादुर डाँगीको कार्यसम्पादन सन्तोषजनक रहेकोले निजलाई यस नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत रुपमा यथावत राखी नगरपालिकामा निरन्तरता दिने व्यवस्था मिलाई दिने भनी संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार काठमान्डौमा लेखी पठाउने।

निर्णय नं. २ : विपक्षी लमही नगर कार्यपालिकाको कार्यालय, लमही, दाङ समेत भएको उत्प्रेषण मुद्दामा (मुद्दा नं. 079-WO-0589) सम्मानित श्री सर्वोच्च अदालत काठमान्डौबाट जारी भएको १५ दिने म्याद २०७९।०९।०५ गते तामेल भई पाएको, लमही नगरपालिका, नगर कार्यपालिकाको कार्यालय लमही दाङको तर्फबाट सम्मानित श्री सर्वोच्च अदालत तुलसीपुरमा उपस्थित भई गुजरीएको म्याद थामी, लिखित जवाफ प्रस्तुत गर्न, तारेखमा अदालतमा उपस्थित हुन कानुन व्यवसायी नियुक्ति गर्न र मुद्दा पुर्पक्ष समेतको लागि यस लमही नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, लमही दाङमा कार्यरत सहायकस्तर पाँचौं श्री हरिराम रावतलाई प्रतिनिधि नियुक्त गरी पठाउने।

निर्णय नं. ३ : लमही नगरपालिकाक नगर प्रमुख ज्यूबाट विभिन्न मितिमा नियुक्ती गरीएका प्रेस सल्लाहकार श्री लिला शाह, प्रेस संयोजक पूर्ण प्रकाश विश्वकर्मा, शैक्षिक सल्लाहकार श्री हल्लु प्रसाद चौधरी र राजनैतिक सल्लाहकार श्री रेशम बहादुर खड्काको पद खारेजी गर्ने साथै च.नं. ६७८, मिति २०७९।०७।२३ गतेको प्रत्रानुसार ५ नं वडा सदस्य श्री केशवराज अधिकारीलाई नगर प्रमुख ज्यूबाट प्रत्योजित अधिकारहरु फिर्ता गर्ने।

जोगराज चौधरी
नगर प्रमुख

मिति २०७९।१०।२७ गतेको कार्यपालिकाको बैठकको निर्णयहरु:

निर्णय नं. १: लमही नगरपालिकाको पहिलो नगर सभाको दोश्रो अधिवेशन २०७९ साल फाल्गुन १५ गते सोमबार ११ बजे गर्ने ।

निर्णय नं. २: लमही नगरपालिकाको आ.व. २०७९/०८० का स्वीकृत वार्षिक योजना तथा कार्यक्रमको सम्झौता गर्ने समय सिमा २०७९ साल चैत्र मसान्त सम्म गर्ने ।

निर्णय नं. ३: लमही नगरपालिका कार्यालयमा आर्थिक सहयोगको लागि सिफारिस तथा निवेदन प्राप्त भई आएका देहायका व्यक्ति तथा संघ संस्थालाई तपसिल बमोजिमको आर्थिक सहयोग उपलब्ध गराउने ।

तपसिल

| क्र.सं | व्यक्ति तथा संघ संस्थाको नाम | रकम रु |
|---|---|---|
| १ | श्री खुम वहादुर खड्का स्मृति खेलकुद समिति दाङ | १,००,०००।- |
| २ | नेपाल कर्मचारी युनियन जिल्ला कार्य समिति दाङ | २५,०००।- |
| ३ | अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन | १०,०००।- |
| ४ | श्री झवे जैसी (लमही न.पा.-५ दाङ) | १०,०००।- |

निर्णन नं. ४: लमही नगरपालिका क्षेत्र भित्र २०७४/०६/२९ गते अघि निर्माण कार्य सम्पन्न भएका र उक्त समयमा प्रचलित मापदण्ड पुरा गरेका घरहरुको घर नक्सा अभिलेखिकरण गर्ने ।

निर्णय नं. ५: लमही नगर विकास समितिमा सदस्यको रुपमा नगर उपप्रमुख श्री लक्ष्मी योगीलाई मनोनयन गरी पठाएइकोमा निजलाई फिर्ता बोलाई लमही नगरपालिका ४ नं. वडाका वडा अध्यक्ष श्री सुवाश न्यौपानेलाई सदस्यका रुपमा मनोनयन गर्ने ।

निर्णय नं. ६: लमही अस्पतालको दैनिक प्रशासनिक कार्य संचालनका लागि लुम्बिनी प्रदेश सरकार स्वास्थ्य मन्त्रालय वाट खटिइ आउनु भएका मेडिकल अधिकृत डा. दिपक आचार्यलाई निमित्त मेडिकल सुपरिटेन्डेन्टको जिम्मेवारी दिई दैनिक प्रशासनिक तथा स्वास्थ्य सेवा प्रवाहलाई सुदृढ बनाउन निर्देश गर्ने।

७९/१०/२८

प्रमुख प्रशासकीय अधिकृत

लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय लमही, दाङ लुम्बिनी प्रदेश, नेपाल

निर्णय नं. ७ : रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम १४ को उपनियम १ बमोजिमको निर्देशक समितिमा सदस्यको लागि लमही नगरपालिका वडा नं. ३ का वडा अध्यक्ष श्री मनोज कुमार चौधरी र वडा नं. ८ का वडा अध्यक्ष श्री उमेश कुमार खड्का लाई सदस्यका रुपमा मनोनयन गर्ने ।

निर्णय नं. ८ : लमही नगरपालिका र सरकारी तथा गैह सरकारी संघ संस्था विच लागत साझेदारीमा संचालन हुने कार्यक्रमको सम्वन्धित संघ संस्थालाई सैद्धान्तिक स्वीकृती दिने ।

नेर्णय नं. ९ : समुन्नती सामाजिक उद्यमी महिला सहकारी संस्था लि. लमही न.पा. २ लाई नियमानुसार जग्गा रजिष्ट्रेसन शुल्क छुटका लागि सम्वन्धित निकायलाई सिफारिस गर्ने ।

र्णय नं. १० : लमही नगरपालिका कार्यालयमा रहेका कृषि उपज केन्द्रका जस्ता पाता र फलामका पोल सशस्त्र प्रहरी बल नेपाल नं. ४१ रिजर्भ गण हे.क्वा. अर्जुन खोला दाङ बाट माग भई आए बमोजिमको फलामको पोल १२ थान र आवश्यक जस्ता पाता उपलब्ध गराउने ।

र्णय नं. ११ : जडीबुटी, कवाडी तथा जीवजन्तु कर संकलन सम्वन्धी खोलेको ठेक्कामा धरौटी वापत राख्नु पर्ने रकम रु ९०,०००।- (अक्षरुपी नब्बे हजार मात्र) धरौटी खातामा नराखी आन्तरिक राजश्व खातामा जम्मा भएको भौचर वरपिपल कन्स्ट्रक्सनले पेश गरेको र सो रकम भुक्तानीका लागि निवेदन पेश भएकोले उक्त आन्तरिक राजश्व खातामा जम्मा भएको रकम रु ९०,०००।- (अक्षरुपी नब्बे हजार मात्र) धरौटी खातामा रकममान्तर गरी बरपिपल कन्स्ट्रक्सन लाई भुक्तानी दिने ।

य नं. १२ : अवैध नदीजन्य पदार्थको उत्खनन् तथा ओसारपसार नियन्त्रणलाई थप प्रभावकारी बनाउन अवैध नदीजन्य पदार्थको उत्खनन् तथा ओसारपसार वापत जरीवाना असुल भएको खण्डमा असुल गरिएको कुल जरीवाना रकमको २० प्रतिशतले हुन आउने रकम सम्वन्धित निकायलाई प्रोत्साहन वापत उपलब्ध गराउने ।

मिति २०७९।०७।१७ गते बसेको नगर कार्यपालिकाको १११ औ बैठकका निर्णयहरु विषयहरु:

निर्णय नं. १ : यस लमही नगर कार्यपालिकाको कार्यालयको आन्तरिक व्यवस्थापनमा उत्पन्न भएको समस्याको कारण चालु आर्थिक बर्ष २०७९।८० मा स्विकृत तपशिल वार्षिक बजेट तथा कार्यक्रम सञ्चालन गर्न ढिलो भइसकेको र कृषिकहरुलाई यथासिघ्र गहुँ, मकै, तरकारी र घाँसको विउ तथा च्याउको स्पान खरिद गर्ने आवश्यक रहेकोले देहाय बमोजिमको परिमाणमा तोकिएको बजेट सिमा पुनः निर्धारण गरि सोही बजेट सिमा भित्र रही उल्लेखित खरिद प्रक्रिया पुरा गरी गहुँ, मकै, तरकारी र घाँसको विउ तथा च्याउको स्पान वितरण गर्न स्विकृती प्रदान गर्ने।

तपशिल

| क.स | विनियोजित वार्षिक कार्यक्रम | स्वीकृत बजेट | खरिद गर्ने आवश्यक परिमाण | नगरपालिकाको आन्तरिक श्रोतबाट खर्च हुने बजेट | खरिद प्रक्रिया |
|---|---|---|---|---|---|
| १ | जै घाँसको बिउ वितरण (निशुल्क) | १,८०,०००। | १६३६ के.जी | १,८०,०००। | सार्वजिनक खरिद नियमावली २०६४ को दफा ८५ को उपदफा १ (क) बमोजिम सोझै खरिद |
| २ | प्याकेजिङ्ग बर्षिम घाँसको (निशुल्क) | ५,००,०००। | १३५१ के.जी | ५,००,०००। | |
| ३ | गँहुको मुल वा प्रमाणित विउँ वितरण (५० प्रतिशत अनुदानमा) | १,००,०००। | २५०० के.जी | १,००,०००। | |
| ४ | गँहुको उन्नत विउँ वितरण (५० प्रतिशत अनुदानमा) | ९,००,०००। | ६६६६ के.जी | २,५०,०००। | |
| ५ | मकैको हाइब्रिड र उन्नत विउ वितरण (५० प्रतिशत अनुदानमा) | २,००,०००। | ४०० के.जी | १,००,०००। | |
| ६ | च्याउको स्पान वितरण (५० प्रतिशत अनुदानमा) | १,००,०००। | २००० प्याकेट | ५०,०००। | |
| ७ | तरकारीको बिउ वितरण (५० प्रतिशत अनुदानमा) | १,७५,०००। | २६ के.जी | ८७,५००। | |

CamScanner

## मिति २०७९ कार्तिक १७ गते बसेको लमही नगर कार्यपालिकाको बैठकको निर्णय:

निर्णय नं. २ : निवेदक गेहेन्द्र बहादुर डाँगी र विपक्षी नगर प्रमुख, लमही नगरपालिका दाङ, लमही नगरपालिकाको कार्यालय, लमही नगर कार्यपालिका र लमही न.पाका उप-सचिव (शिक्षा/प्रशासन) रवीन्द्र क्षेत्री समेत भएको निशेधाज्ञा (मुद्दा नं. 079-WO-0014), उत्प्रेषण/परमादेश मुद्दामा (मुद्दा नं. 079-WO-0015) को सम्मानित श्री उच्च अदालत तुलसीपुरबाट जारी भएको १५ दिने म्याद २०७९।०६।३० गते तामेली पाएकोमा सम्वन्धित व्यक्तीहरु बिरामी भई उक्त म्याद भित्र हाजिर भई लिखित जवाफ प्रस्तुत गर्ने नसकीएकोले उक्त म्याद थमैती गरी विपक्षी नगर प्रमुख, लमही नगरपालिका दाङ, लमही नगरपालिकाको कार्यालय, लमही नगर कार्यपालिका र लमही न.पाका उप-सचिव (शिक्षा/प्रशासन) रवीन्द्र क्षेत्री समेतको तर्फबाट सम्मानित श्री उच्च अदालत तुलसीपुरमा उपस्थित भई लिखित जवाफ प्रस्तुत गर्न, तारेखमा अदालतमा उपस्थित हुन, कानुन व्यवसायी नियुक्ति गर्न र मुद्दा पुर्पक्ष समेतको लागि यस लमही नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, लमही दाङमा कार्यरत अधिकृतस्तर नवौं/उपसचिव (शिक्षा प्रशासन) श्री रवीन्द्र क्षेत्री लाई प्रतिनिधि नियुक्त गरी पठाउने।

७९।८।१८

मिति २०७९।११।१४ गतेको कार्यपालिकाको ११४ औं बैठकका निर्णयहरु विषयहरु:

निर्णय नं. १ : चालु आ.व २०७९/८० को वार्षिक कार्यक्रम तथा बजेट केही शिर्षकमा रहेको रकमलाई विभाजन गर्ने र कार्यक्रम शिर्षक परिवर्तन गर्ने गरी एघारौं नगर सभाबाट पारित बजेट तथा कार्यक्रममा संशोधनको लागि बाह्रौं नगर सभामा पेश गर्ने।

निर्णय नं. २ : लमही नगरपालिकाको लोगो अनुसुची-१ बमोजिमको स्वीकृत गरी नगर सभाबाट पारितको गर्नेको लागि बाह्रौं नगर सभामा पेश गर्ने। उक्त लोगो निर्माण गरे बापत श्री राजेन्द्र बहादुर श्रेष्ठलाई पारिश्रमिक स्वरुप रु ५०,०००। अक्षरुपी पचास हजार भुक्तानी दिने।

निर्णय नं. ३ : लमही नगरपालिका विधेयक समितिको मिति २०७९।११।१३ गते बसेको बैठकको निर्णय अनुसार लमही नगरपालिकाको लागि आवश्यक तपशिल बमोजिम ऐन, नीति नियमहरु स्वीकृत गरी पारित गर्न बाह्रौं नगर सभामा पेश गर्ने।

तपशिल:

| क्र.स | ऐन, नीति, नियमको नाम | कै |
|---|---|---|
| १ | वन क्षेत्रलाई व्यवस्था गर्न बनेको स्थानीय वन विधेयक, २०७९ | |
| २ | स्थानीय तहमा वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण विधेयक, २०७९ | |
| ३ | संस्था दर्ता तथा नविकरण विधेयक, २०७९ | |
| ४ | लमही नगरपालिकाको बरघर प्रणाली सम्वन्धी व्यवस्था गर्ने बनेको विधेयक, २०७९ | |
| ५ | आन्तरिक नियन्त्रण व्यवस्थापन कार्यप्रणाली, २०७८ | |

निर्णय नं. ४: लमही नगरपालिकाको आ.व २०७४/७५ देखि २०७७/७८ सम्मको म.ले.पबाट नियमित गर्ने भनी औंल्याइएको बेरुजु तपशिल अनुसार नियमित गर्ने प्रस्ताव बाह्रौं नगर सभामा पेश गर्ने।

तपशिल:

| क्र.स | आर्थिक बर्ष | अनियमित बेरुजु रकम रु | कैफियत |
|---|---|---|---|
| १ | २०७४/०७५ | ४८,७९,०००/- | |
| २ | २०७५/०७६ | ९५,७०,०००/- | |
| ३ | २०७६/०७७ | २५,०६,०००/- | |
| ४ | २०७७/०७८ | ३७,३२,०००/- | |
| जम्मा | | ७,६७,७७,०००/- | |

२०८०।११।१४

मिति २०७९।११।१४ गतेको कार्यपालिकाको बैठकको निर्णयहरु:

निर्णय नं. ५ : जिल्ला प्रशासन कार्यालय, घोराही दाङको प.सं. २०७९/०८० चलानी नं. ४१६० मिति २०७९/१०/२९ गतेको पत्रानुसार उक्त कार्यालयमा बजेट अभावका कारण भुक्तानी हुन बाँकी रहेको रा १ झ ९८ नम्बरको सवारी साधनको मर्मत खर्च बापतको श्री बागमति अटो वर्कसपको बिल बमोजिम रु २८५०४२.५०/- अक्षरुपी दुई लाख पचासी हजार बयालीस रुपैया पचास पैसा मात्र को रकम भुक्तानी गरिदिनु हुन भनी लेखी आएको सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, घोराही दाङको रा १ झ ९८ नम्बरको सवारी साधनको मर्मत खर्च बापतको श्री बागमति अटो वर्कसपको बिल बमोजिम रु २८५०४२.५०/- अक्षरुपी दुई लाख पचासी हजार बयालीस रुपैया पचास पैसा भुक्तानी दिने।

निर्णय नं. ६ (क) : लमही नगर कार्यपालिकाको कार्यालयमा आर्थिक सहयोगको लागि सिफारिस तथा निवेदन प्राप्त भई आएका देहायका व्यक्ति तथा संघ-संस्थालाई तपशिल बमोजिमको आर्थिक सहयोग उपलब्ध गराउने।

तपशिल:

| क.स | व्यक्ति तथा संघ संस्थाको नाम, ठेगना | भुक्तानी दिने रकम रु |
|---|---|---|
| १ | श्री उषा आचार्य, लमही-६ | २०,०००।- |
| २ | श्री बसन्त चौधरी, लमही-५ | ५,०००।- |
| ३ | श्री विमला कुमाल, लमही-३ | २०,०००।- |
| ४ | श्री नेपाल रेडक्रस सोसाइटी, उप-शाखा लमही, लमही-५ | २०,०००।- |
| ५ | श्री थारु कल्याणकारिणी सभा जिल्ला कार्यसमिति, दाङ देउखर | २०,०००।- |

निर्णय नं. ६ (ख) : लमही नगरपालिका २०७९ असोज महिनामा आएको बाढीले विभिन्न स्थानमा भएको क्षतीका कारण पीडित नगरवासीहरुलाई तत्कालको राहत उपलब्ध गराउदा भएको तपशिल बमोजिमको खर्च सम्बन्धित फर्मलाई भुक्तानी दिने।

तपशिलः

| क.स | भुक्तानी लिने फर्म, ठेगना | भुक्तानी दिने रकम रु | कैफि |
|---|---|---|---|
| १ | शिवम् ट्रेडिङ लमही न.पा-५, दाङ | ४८५९०/- | |
| २ | सरस्वती राईस एण्ड आयल जनरल इन्डष्ट्रीज प्रा.लि. | ६१९६०/- | |

निर्णय नं. ६ (ग) : लमही नगरपालिका वडा नं ४ को प.सं. २०७९/८०, च.नं. ८५३ मिति २०७९/१०/०५ को रकम भुक्तानीको सिफारिस अनुसार लमही न.पा ४ भैंसकोर्मामा मिति २०७९/०६/२१ गते अबिरल वर्षाले गर्दा आएको भिषण वाढीले सित्तहवा कुलोमा पक्की कलभर्ट नीर पानी नअटाएर दुवै साइड बाटो कटान गरी खोल्ला बनाएकोले मानिस आवत जावत गर्न सम्म अवरुद्ध भएको हुनाले सो खाल्टो ईट्टाको टुक्रा र माटोले पटान गरी बाटो सञ्चालन गर्दा भए गरेको खर्च रकम रु ५५,१७९/- भुक्तानी दिने।

मिति २०७९।११।१४ गतेको कार्यपालिकाको बैठकको निर्णयहरु:

२०७९।११।१४

CamScanner

निर्णय नं. ७ : प्रधानमन्त्री रोजगार कार्यक्रम स्थानीय निर्देशक समितिको मिति २०७९ साल माघ महिनाको २९ गतेको बैठको निर्णयानुसार प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि आ.व २०७९/०८० मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिक तथा युवारुप शिर्षकमा प्राप्त शसर्त अनुदान बापत प्राप्त रकमबाट तपशिलका योजना संचालन गर्ने ।

तपशिल:

| क्र.स | योजनाको नाम | ठेगना | अनुमानित बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | वनगाई देखि हसनापुरसम्मको नयाँ सडक निर्माण | लमही-७, दाङ | १२,११,७००/- | |
| २ | तरुलियामा ड्याम निर्माण | लमही-९, दाङ | १५५७९००/- | |
| ३ | महेन्द्र राजमार्ग देखि सोनपुर जाने सडक सम्भार | लमही-१, दाङ | २३०८००/- | |
| ४ | अजम्वरी जैविक पार्क निर्माण | लमही-५, दाङ | ११,५४,०००/- | |
| ६ | वनवगिया तथा गोझेना खोला मर्मत संम्भार | लमही-८, दाङ | ९,२३,२००/- | |

निर्णय.नं.८ यस लमही नगरपालिका र मातहतको कार्यालयमा रिक्त रहेका पदमा सेवा करारमा जनशक्ति भर्ना गर्न विभिन्न पदहरुको लागि प्रतिस्पर्धाबाट छनौट गर्ने गरी सुचना प्रकाशन गर्ने।

निर्णय नं. ९: लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय र मातहतको कार्यालयहरुको सेवा प्रवाह सम्वन्धमा आएका जनगुनासोहरुलाई व्यवस्थपान गर्न सबै राष्ट्रसेवक जनप्रतिनिधी र कर्मचारीहरुले आ-आफ्नो जिम्मेवारी अनुसार सहज रुपमा मुस्कान सहितको सार्वजनिक सेवा प्रवाह गर्ने तथा गराउने।

निर्णय नं. १० : सम्मानित अदालतबाट मिति २०७८/०१/०७ गतेमा तामेली भई पाएको उत्प्रेषण/परमादेश मुद्दाहरु(मुद्दा नं. 77-WO-1002) र मिति २०७९/०९/०५ गते तामेली भई पाएको उत्प्रेषण मुद्दा (मुद्दा नं. 079-WO-0589)को सम्वन्धमा यस लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय लमही, दाङ र लमही नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत श्री गेहेन्द्र बहादुर डाँगीको तर्फबाट यस कार्यालयमा कार्यरत सहायक पाँचौ श्री हरिराम रावतलाई तर्फबाट सम्मानित श्री सर्वेच्च अदालत काठ्माण्डौमा तारेख लिन उपस्थित हुन, कानुन व्यवसायी नियुक्ति गर्न, मुद्दाको वारिस तोक्न र मुद्दा पुर्पक्ष समेतको लागि प्रतिनिधि नियुक्ती गरी पठाउने।

निर्णय नं. ११ : लमही नगरपालिकाले सञ्चानलनमा ल्याएको जे.सी.भी हाल मर्मत गर्नु पर्ने भएकोले तत्काल मर्मत गरीको लागि पेश भएको प्राविधिक स्टीमेट अनुसार मर्मत गर्ने।

२०८०।११।१४

मिति २०७९।११।१४ गतेको कार्यपालिकाको बैठकको निर्णयहरु:

CS CamScanner

मिति २०७९।०९।२६ गतेको कार्यपालिकाको ११३ औं बैठकका निर्णयहरु विषयहरु:

निर्णय नं. १ : यस लमही नगरपालिका अन्तरगत विभिन्न वडा कार्यालयको सिफारिस अनुसार विभिन्न रोगबाट पीडित विपन्न नागरिकहरुलाई तपशिल बमोजिम राहत तथा सहायता रकम उपलब्ध गराउने।

तपशिल:

| क्र स | निवेदक व्यक्ती नाम, ठेगना | सिफारिस गर्ने वडा कार्यालय | पीडितको अवस्था | रहात रकम रु | कै |
|---|---|---|---|---|---|
| १ | श्री बेली देवि गोराथोकी लमही न.पा १, कौडिया | लमही न.पा १ | मोटरसाईकल दुर्घटना भई जटिल अवस्था भएकोले भारतको लखनउमा उपचार गर्नु परेको | रु २०,०००। (विस हजार मात्र) | |
| २ | श्री कृष्णी दमेनी, लमही न.पा ६ देउपुर | लमही न.पा ६ | जापनिज इन्सेफलाईटिस रोगबाट ग्रसित भई अहिले श्री विर अस्पताल काठ्माण्डौमा उपचारको क्रममा रहेको | रु २०,०००। (विस हजार मात्र) | |
| ३ | श्री कालुराम चौधरी, लमही न.पा ८ | लमही न.पा ८ | बाँया खुट्टा भाँचिएको हुनाले निजलाई उपचारको लागि नेपालगञ्ज मेडिकल कलेजसम्म लग्नु परेको | रु २०,०००। (विस हजार मात्र) | |
| ४ | श्री राजदरवारी चौधरी, लमही न.पा ८ | लमही न.पा.८ | लामो समय देखि बिरामी भई उपचारको लागि भारत लौजानु पर्ने अवस्था। | रु २०,०००। (विस हजार मात्र) | |

निर्णय नं. २ : थारु समुदायको महान पर्व माघीको पावन अवसरमा यही मिति २०७९।१०।०१ गते देखि २०७९।१०।०३ गते सम्म लमही नगरपालिका र अन्तरगतका सबै सरकारी कार्यालयमा ३ (तीन) दिन स्थानीय विदा दिने।

निर्णय नं. ३ : लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालयको सवारी रा १ झ १२८ नम्बरको पिकअप गाडी सिप्रदी ट्रेडिङ्ग प्रा.लिमा मर्मत गर्दा भएको खर्च लागत रु ३,२८,५२०.०१। भुक्तानी दिने।

निर्णय नं. ४ :लमही नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री गेहेन्द्र बहादुर डाँगीको मिति २०७९।०८।१८ गते देखि २०७९।०९।२२ गते सम्म आर्थिक भार नपर्ने गरी काज स्वीकृत गर्ने।

निर्णय नं. ५ : लमही नगरपालिकाका नगर प्रमुख श्री जोगराज चौधरी ज्यूको सचिवालयको स्वकीय सचिव पदमा लमही नगरपालिका वडा नं. ६ निबासी श्री शंकर चौधरीलाई नियुक्ती गर्ने।

निर्णय नं. ६ : लमही नगरपालिका वडा नं १ स्थित बसन्तपुर बौराह सितलापुर जाने बाटो को मर्मतको लागि लमही नगरपालिका १ नं वडा कार्यालयको सिफारिस अनुसार जे.सी.बीको माग भएको हुदाँ उक्त बाटो मर्मतको लागि प्राविधिक स्टिमेट बमोजिम जे.सी.बी प्रयोग गर्दा आवश्यक लागत रु ४ लाख सम्मको इन्धन खर्च गर्ने गरी बाटो मर्मत गर्ने।

निर्णय नं. ७ : लमही नगरपालिका अन्तरगतका कवाडी बस्तुहरुको निकासी गर्दा लाग्ने कर लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय राजस्व शाखामा जम्मा गरी कर संकलन गर्ने।

निर्णय नं. ८ : लमही नगरपालिकाको आ.ब २०७९।८० को स्वीकृत बार्षिक बजेट, योजना तथा कार्यक्रम विविध कारणले संशोधन गर्नु पर्ने भएकोले सम्बन्धित शाखाको टिप्पोणी र सम्वन्धित वडाको सिफारिस पत्रानुसार अनुसुची-१ बमोजिमका योजनाहरु संशोधन गर्ने।

निर्णय नं. ९ : चन्द्र देबि निर्माण सेवा लमही नगरपालिका ४ अर्नबाको मिति २०७९।०६।०६ गतेको निवेदन पत्रानुसार यस नगरपालिका र उक्त निर्माण सेवा बिच नदिजन्य पदार्थ उत्खनन तथा संकलनको लागि भ्याट बाहेकको रकम रु ६६,००,०००।- मा सम्झैता भएको, सम्झैता बमोजिम उत्खनन गर्न सकिने परिमाण ४,८०,२१६ घन फिट रहेको तर कोभिड-१९ महामारी र स्थानीय गाउँलेहरुको पटक-पटकको अबरोधको कारण उत्खनन गर्ने नसकि जम्मा १,५२,७५१ घन फिट मात्र घटगद्दी भएको बाँकी ३,१९,४६५ घन फिट उत्खनन गर्न बाँकी रहेको हुदाँ चन्द्र देवी निर्माण सेवाले पेश गरेको बैक जमानत रकम रु १६,००,०००।- फुकुवा गरीदिनु हुन भनी लेखी आएकोले यस नगरपालिकाको नगर स्तरीय अनुगमनको मिति २०७९।०२।१६ गतेको फिल्ड रिपोर्ट सारांश अनुसार बाँकी ३,१९,४६५ घन फिट उत्खनन गर्न बाँकी रहेकोले निवेदकको माग बमोजिम श्री चन्द्र देवी निर्माण सेवाले पेश गरेको बैक जमानत रकम रु १६,००,०००।- फुकुवा गरी दिने।

लमही नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लमही, दाङ
लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

जोगराज चौधरी
नगर प्रमुख

CamScanner

निर्णय नं. १०. आ.व २०८०/८१ का लागि संघिय सरकारबाट प्राप्त हुने विशेष तथा समपुरक अनुदान सम्वन्धि आयोजना देहाय बमोजिम प्राथमिकताक्रम राखि छनौट गर्ने साथै समपुरक अनुदान अन्तर्गतका प्रस्तावित आयोजनाहरुमा नगरपालिकाको तर्फबाट ५० प्रतिशत रकम लागत सहभागीतामा सञ्चालन गर्ने निर्णय गरियो।

(क) विशेष अनुदान अन्तर्गतका प्रस्तावित आयोजनाहरु:

प्रथामिकता नं. १ : हाईवे देखि फचकपुर सम्म जाने सडक निर्माण, वडा नं. ७

प्रथामिकता नं. २ : निम्बुखुट्टी राजमार्ग देखि टेङनैया बाबा सडक कालोपत्रे, वडा नं. ८

प्रथामिकता नं. ३ : गोदम घरदेखि लङ्गडी जाने सडक कालोपत्रे, वडा नं. ५ र ६

प्रथामिकता नं. ४ : सुनडवरी देखि बसन्तपुर सडक निर्माण, वडा न.१

प्रथामिकता नं. ५ : दक्षिण फल्कापुर देखि दक्षिण विनोद चौधरीको घरसम्म सडक कालोपत्रे वडा नं. ३

(ख) समपुरक अनुदान अन्तर्गतका प्रस्तावित आयोजनाहरु:

प्रथामिकता नं. १ : बनगाउँ स्कुल देखि सेमरहवा सडक निर्माण, वडा नं ४

प्रथामिकता नं. २ : सानो नदि पुल निर्माण, वडा नं. २

प्रथामिकता नं. ३ : लमही देखि मध्यनगर सम्म जाने बाटो कालोपत्रे सडक बिस्तार, वडा नं.६

प्रथामिकता नं. ४ : तेलैया देखि भ्यूसनपुर सडक कालोपत्रे, वडा नं. ९

निर्णय नं. ११ : निवेदक गेहेन्द्र बहादुर डाँगी र विपक्षी नगर प्रमुख श्री जोगराज चौधरी समेत गरी लमही नगरपालिकाका जनप्रतिनिधि ९ जना र नगरपालिकामा कार्यरत कर्मचारी ९ जना गरी जम्मा १८ जना भएको मिति २०७९।०८।२८ गते सम्मानीत श्री उच्च अदालत तुलसीपुर दाङमा दायर भएको अदालतको अपहेलना मुद्दामा सम्मानित अदालतबाट जारी भएको १५ दिने म्याद २०७९।०९।०५ गते तामेली पाएकोमा सम्वन्धितहरु मध्ये लमही नगरपालिकाका जनप्रतिनिधहरु ले आफ्नो लिखित जवाफ आफै उपस्थित भई प्रस्तुत गरि सकेको र बाँकि विपक्षीहरु मध्येका लमही नगरपालिकामा कार्यरत कर्मचारीहरु बिरामी भई उक्त म्याद भित्र हाजिर भई लिखित जवाफ प्रस्तुत गर्न नसकीएकोले उक्त म्याद थमौती गरी विपक्षी नगर प्रमुख श्री जोगराज चौधरी समेत गरी लमही नगरपालिकाका जनप्रतिनिधि ९ जना र नगरपालिकामा कार्यरत कर्मचारी ९ जना गरी जम्मा १८ जना समेतको तर्फबाट सम्मानित श्री उच्च अदालत तुलसीपुरमा उपस्थित भई लिखित जवाफ प्रस्तुत गर्न, तारेखमा अदालतमा उपस्थित हुन, कानुन व्यवसायी नियुक्ति गर्न र मुद्दा पुर्पक्ष समेतको लागि विपक्षी लमही नगरपालिकाका जनप्रतिनीधिहरुको तर्फबाट १ नं वडा अध्यक्ष श्री दामोदर

पौडेल र विपक्षी लमही नगरपालिकामा कार्यरत कर्मचारीको तर्फबाट यस लमही नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, लमही दाङमा कार्यरत अधिकृतस्तर नवौं/उपसचिव (शिक्षा प्रशासन) श्री रवीन्द्र क्षेत्री लाई प्रतिनिधि नियुक्त गरी पठाउने।

निर्णय नं. १२ : लमही नगरपालिका वडा ६ बस्ने श्री चन्द्रमाला खत्रीले घरनक्सा सम्पन्न प्रमाणपत्र पाउँ भनी निवेदन गरेको सम्वन्धमा निजले यस कार्यालयबाट मिति २०७३।०९।१७ गते घर निर्माणको इजाजत पत्र लिई निजको घरायसी समस्याका कारणले निर्माण सम्पन्न प्रमाण पत्र हालसम्म पनि नलगेको र प्रमाणपत्र लिने म्याद सकिएकोले प्राविधिक मूल्याङ्कनबाट घरसम्पन्न भएको प्रतिवेदन मिति २०७९।०५।२३ गते पेश गरेको हुदाँ यस लमही नगर कार्यपालिकाका प्राविधिक कर्मचारीले स्थलगत निरिक्षण प्रतिवेदनको आधारमा निजलाई घरनक्सा निर्माण सम्पन्न प्रमाण पत्र दिने।

निर्णय नं. १३ : नगर विकास कोष, नयाँ बानेश्वर, मिति २०७९ साल पुष ०१ गते बसेको बैठकको निर्णानुसार लमही नगरपालिकामा प्रस्ताविक पोड वे (POD Way) आयोजना सञ्चालनको सम्वन्धमा प्रारम्भिक तथा विस्तृत अध्ययन प्रतिवेदनका निर्माणको लागि यस लमही नगरपालिका वडा नम्वर ३ स्थित श्री बाल जनता उ.मा.विको नाममा रहेको साबिक सोनपुर ५।ख को कित्ता नं ४, ५ र ६ जम्मा ज.बि ४-१५-९.५ (बिघा-कठ्ठा-धुर) जग्गा हाल लमही नगरपालिका वडा नम्वर ३, स्थित श्री बालतारा आधारभुत विद्यालय, लमही ३ उत्तरमजगाँउ र श्री बाल जनता आधारभुत विद्यालय वनगाउँले भोगचलन गरी रहेको उक्त जग्गामा नगर विकास कोषले प्रस्ताविक पोड वे (POD Way) आयोजना सञ्चालन गर्दा जग्गा उपलब्ध गराउन श्री बाल जनता उ.मा.वि लमही-३, श्री बाल जनता आधारभुत विद्यालय, लमही-३, उत्तरमजगाँउ र श्री बाल जनता आधारभुत विद्यालय, लमही-३, वनगाउँले सहमती समेत दिएकोले श्री बाल जनता उ.मा.विको नाममा रहेको साबिक सोनपुर ५।ख को कित्ता नं ४, ५ र ६ जम्मा ज.बि ४-१५-९.५ (बिघा-कठ्ठा-धुर) जग्गा आयोजना सञ्चालनको लागि उपलब्ध गराउन सकिने व्यहोरा लेखी नगर विकास कोषमा पत्राचार गरी आयोजना सञ्चालनको कार्य अगाडी बढाईदिनु हुन भनी नगर विकास कोष लाई अनुरोध गरी पठाउने।

CamScanner

# अनुसुची - १

| आ.व २०७९।८०को बार्षिक योजना तथा कार्यक्रम संशोधन गर्नु पर्ने आयोजनाहरु, लमही नगरपालिका वडा नं ७ | | | | |
|---|---|---|---|---|
| सि. नं. | साविक योजना | बचेको रकम | हालको थपगर्नुपर्ने योजना | विनियोजन रकम |
| १. | नयाँवस्तीमा निशुल्क खानेपानी मिटर वितरण | १,७५,०००।- | वडाको वित्तचित्र निर्माण | १,५०,०००।- |
| २. | अर्जुन मा.वि.हसनापुरलाई सहयोग | ५,००,०००।- | बनघुस्री मन्दिर डि.आर.पि. | १,५०,०००।- |
| ३. | जनकपुरमा सामुदायीक भवन निर्माण | ६,५०,०००।- | नयाँबस्तीमा सतसंग भवन स्तरउन्नती | ४,००,०००।- |
| | | | हसनापुरमा चौतारी निर्माण | २,५०,०००।- |
| ४. | हसनापुरमा सामुदायीक भवन निर्माण | ५,००,०००।- | व्याडमिन्टन कोड निर्माण | १,२५,०००।- |
| | | | जनकपुरमा महिला भवन निर्माण | ८,५०,०००।- |
| | | | ट्रफिक सचेतना कार्यक्रम | ५०,०००।- |
| ५ | ड्राईभर टोलमा कल्भर्ट निर्माण | ५,००,०००।- | ड्राईभर टोलमा कल्भर्ट निर्माण | ६,००,०००।- |
| ६ | पश्चिम बनघुस्री बाटो स्तरउन्नती | ४,००,०००।- | क्यामरा(Camera) खरिद | १,५०,०००।- |
| ७ | उच्चानिम्बु कृषि सडक स्तरउन्नती (सहरी विकास) | २०,००,०००।- | कसानगंज बाटो स्तरउन्नती (सहरी विकास) | २०,००,०००।- |
| | जम्मा | ४७,२५,०००।- | जम्मा | ४७,२५,०००।- |